# बैठक नं.३३

आज मिति २०८०।१२।१४ गते सोमबारका दिन रुन्टीगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय होलेरी, रोल्पाका अध्यक्ष श्री जनक पुनज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीको उपस्थितिमा बसि देहाय बमोजिम निर्णय गरियो।

## तपसिल

| क्र.सं. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | जनक पुन | अध्यक्ष | रुन्टीगढी ७, रोल्पा | |
| २ | सरिता के.सी. | उपाध्यक्ष | रुन्टीगढी ३, रोल्पा | |
| ३ | थम बहादुर घर्ति | १ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी १, रोल्पा | |
| ४ | भिउलाल पुन मगर | २ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी २, रोल्पा | |
| ५ | गणेश गिरी | ३ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ३, रोल्पा | |
| ६ | भुवन पुन | ४ नं वडा का.बा.अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ४, रोल्पा | |
| ७ | गोविन्द बहादुर डाँगी | ५ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ५, रोल्पा | |
| ८ | घन बहादुर घर्तीमगर | ६ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ६, रोल्पा | |
| ९ | टेकलाल पुन | ७ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ७, रोल्पा | |
| १० | तुल्सी पुन | ८ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ८, रोल्पा | |
| ११ | चेतलाल खत्री | ९ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ९, रोल्पा | |
| १२ | रेशमा बहकरी | कार्यपालिका सदस्य | रुन्टीगढी ८, रोल्पा | |
| १३ | प्रेमा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी ६, रोल्पा | |
| १४ | रिता के.सी. | कार्यपालिका सदस्य | रुन्टीगढी ५, रोल्पा | |
| १५ | गंगा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी २, रोल्पा | |
| १६ | रेख बहादुर वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी १, रोल्पा | |
| १७ | गिरीराज कामी | कार्यपालिका सदस्य | रुन्टीगढी ३, रोल्पा | |
| १८ | रेमन्त बहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| १९ | सानुबाबु खड्का | प्रशासन अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| २० | झग्गु के. सी. | लेखा अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| | | | | |
| | | | | |

प्रस्ताव तथा निर्णयहरुः

१. डिजिटल प्रोफाइल सम्बन्धमा।
२. कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा।
३. सोलार सडक बत्ती सम्बन्धमा।
४. योजनाको रकम भुक्तानी दिने सम्बन्धमा।
५. विविध।

निर्णय नं १.

रुन्टीगढी गाउँपालिकाको एकिकृत डिजिटल प्रोफाइल निर्माण गर्न मिति २०७९।१२।१३ मा यस कार्यालय र इन्टिग्रेटेड स्टडिज एण्ड रिसर्च सेन्टर प्रा.लि. अनामनगर, काठमाण्डौं बीच भएको सम्झौता अनुसार तयार भएको डिजिटल प्रोफाइलको मस्यौदा माथि यस अघिको कार्यपालिका बैठकमा छलफल गर्दा केहि विषयहरु थप गर्नु पर्ने देखिएको सन्दर्भमा ती विषयबस्तुहरु थप भई आएकोले उक्त डिजिटल प्रोफाइल स्वीकृत गर्ने।

निर्णय नं २ .

रुन्टीगढी गाउँपालिकाको कार्यालयलाई आवश्यकता भइ बनेका देहायका कार्यविधिहरु स्वीकृत गर्ने।
तपसिलः
१. शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०८०
२. विउ विजन तथा कृषि सामाग्री अनुदानमा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०

निर्णय नं ३.

रुन्टीगढी गाउँपालिका अन्तर्गत शसर्त बजेट नविकरणिय उर्जा प्रविधि जडान शिर्षकमा विनियोजित बजेटबाट सडक सौर्य बत्ती जडान गर्ने यस अघिको कार्यपालिकाको निर्णय भएको सम्बन्धमा यस गाउँपालिका अन्तर्गत देहायका स्थानहरुमा सडक सौर्य बत्ती जडान कार्य अगाडि बढाउने।
तपसिलः
क) जौलिपोखरी स्वास्थ्य चौकी वडा नं २
ख) मुरुल्ले नाचघर वडा नं ६
ग) होलेरी कृषि हाट बजार वडा नं ७
घ) मसिना स्वास्थ्य चौकी वडा नं ४
ङ) कार्यक्रम स्थल होलेरी बजार

निर्णय नं ४.

जिल्ला प्रशासन कार्यालय रोल्पाको चलानि नं २३३०, मिति २०८०।१२।०४ को पत्र अनुसार माओबादी क्याम्प खर्सेको विद्युत महशुल बाँकी बक्यौता रु ६७,४८९।७१ देखिएको र उक्त बाँकी बक्यौता रकम रुन्टीगढी गाउँपालिका र त्रिवेणी गाउँपालिकाले पचास-पचास प्रतिशतले हुन आउने रकम भुक्तानी गरीदिने भनि लेखि आएकोले सो अनुसारको पचास प्रतिशतले हुन आउने रकम रु ३३,७४४।८५ नेपाल विद्युत प्राधिकरण रोल्पा लिबाङलाई भुक्तानी दिने।

**निर्णय नं ५.**

पशु विज्ञ केन्द्र रोल्पा र यस कार्यालयको सहकार्यमा यस गाउँपालिका क्षेत्रका भुस्याहा कुकुर बन्ध्याकरण गर्ने कार्यक्रम रहेकोले लागत साझेदारी स्वरुप यस कार्यालयको समपुरक कोषबाट रु दुइ लाख रकम विनियोजन गर्ने।

**निर्णय नं ६.**

रुन्टीगढी गाउँपालिकामा मिति २०८०।१२।१३ गते बसेको सर्वदलीय बैठकबाट निर्णय भए बमोजिम यस गाउँपालिकामा क्याम्पस तथा दश जोड दुई विज्ञान संकाय स्थापनाका लागि सम्भावित भूगोल, विद्यार्थिको चाप, आर्थिक स्रोतको व्यवस्थापन, तत्सम्बन्धी कानूनी प्रावधान, जग्गा व्यवस्थापन, आवश्यक जनशक्तिको व्यवस्थापन लगायतका क्षेत्रमा अध्ययन गरी ३० दिन भित्र प्रतिवेदन पेश गर्ने गरी तपसिल बमोजिम कार्यदल गठन गर्ने।

तपसिलः

| | |
|---|---|
| श्री घन बहादुर घर्ति | संयोजक |
| श्री टेकलाल पुन | सदस्य |
| श्री चेतलाल खत्री | सदस्य |
| प्रमुख दलहरुबाट १/१ जना गरी ३ जना प्रतिनिधि | सदस्य |
| कार्यदलबाट मनोनित विषयविज्ञ २ जना | सदस्य |
| श्री घन बहादुर डाँगी | सदस्य-सचिव (प्रा.स.) |

**निर्णय नं ७.**

रुन्टीगढी गाउँपालिकाको होलेरी बजार क्षेत्रमा रहेको महेन्द्र माध्यमिक विद्यालयको भोगचलनमा रहेको जग्गामा बनेका टहराहरुको विवरण, तिनको ठेक्का सम्झौता, भाडा दर, नविकरणको अबस्था, भाडा भुक्तानिको अबस्था लगायत व्यवस्थापन सम्बन्धमा अध्ययन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्न तपसिल बमोजिम समिति गठन गर्ने।

तपसिलः

| | |
|---|---|
| श्री गणेश गिरी | संयोजक |
| श्री टेकलाल पुन | सदस्य (वि व्य स अध्यक्ष) |
| श्री भुवन पुन | सदस्य |
| बजार व्यवस्थापन अध्यक्ष | सदस्य |
| प्रमुख दलहरुबाट १/१ जना गरी ३ जना प्रतिनिधि | सदस्य |
| श्री घन बहादुर डाँगी | सदस्य-सचिव (प्रा.स.) |

**निर्णय नं ८.**

प्रदेश सरकार शसर्त अनुदान अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र होलेरीको लागि भवन सहयोग शिर्षकमा विनियोजन भएको रु १५ लाख बजेट उक्त स्थानमा आवश्यक नभएकोले उक्त शिर्षकको रकम वडा नं ८ को आधारभुत स्वास्थ्य केन्द्रमा प्रसुती कक्ष निर्माण गर्न अति आवश्यक देखिएकोले सो कार्य गर्नका लागि संशोधन गर्न अनुरोध गरी पठाउने।

**निर्णय नं ९.**

प्राथमिक स्वास्थ्य केन्द्र होलेरीमा कार्यरत मेडिकल अफिसर एकता गिरीले शब परिक्षण गरे वापत प्रोत्साहन भत्ता माग गरी निवेदन दिएको सम्बन्धमा अन्यत्रको अभ्यास तथा आर्थिक स्रोतको समेत विचार गरी हाल लाई प्रति शब परिक्षण वापत रु ५००/- प्रोत्साहन भत्ता उपलब्ध गराउने।

**निर्णय नं १०.**

जिल्ला ट्राफिक प्रहरी कार्यालय रोल्पाको मिति २०८०।१२।०२, चलानि नं ११५ को पत्रबाट अस्थायी ट्राफिक प्रहरी पोष्ट होलेरी रोल्पाको कार्य संचालनका लागि प्रिन्टर सहित कम्प्युटर उपलब्ध गराइदिनु हुन भनि लेखि आएको हुँदा मौज्दातबाट वा बजेटको अवस्था हेरी खरिद गरी उपलब्ध गराउने।

**निर्णय नं ११.**

एस मार्केटिङ एण्ड सप्लायर्स घोराही दाङले रुन्टीगढी गाउँपालिकाको व्याक हो लोडर मर्मत गरे वापत भुक्तानीका लागि विजक नं ७१, ७४, ७८ र ८१ बमोजिमको रकम भुक्तानि पाउन माग गरेकोले उक्त रकम मर्मत सम्भार कोषबाट उपलब्ध गराउने।

**निर्णय नं १२.**

मिति २०८०।१२।१३ गते रुन्टीगढी गाउँपालिकाको कार्यालयमा विकास निर्माण र समसामयीक विषयमा छलफल गर्न बसेको सर्बदलीय बैठकबाट रुन्टीगढी गाउँपालिकाको सर्वाङ्गीण क्षेत्रको विकासको लागि क्षेत्रगत विकास आयोजनाहरुको बजेट व्यवस्थापनका लागि सम्बन्धित निकायहरुमा अनुरोध गर्ने भनि भएको निर्णयानुसार तपसिल बमोजिमका आयोजनाहरुका लागि बजेट माग गर्ने।

तपसिल

**क) यातायात तर्फ**

अ) शहिदमार्ग खण्डको घोराही-होलेरी खण्ड स्तरोन्नती

आ) होलेरी-स्वर्गद्वारी, होलेरी-दहवन-निगालपानी (कृष्ण सेन इच्छुक मार्ग) स्तरोन्नती

इ) होलेरी-दुधरास (औद्योगिक मार्ग) अन्तर्गत गातिना-गोदे खण्ड स्तरोन्नती

ई) होलेरी ग्वारखोला सडक स्तरोन्नती

उ) गाउँपालिका देखि प्रत्येक वडा कार्यालय सम्म जाने मोटरबाटो स्तरोन्नती

उ )दुइखोली दाङ राम्चे उँघा लिबाङ्गीआँप हुदै लिबाङ जोडने मोटरबाटो स्तरोन्नती

ए) द्वारपानी मेलटाकुरा जोड्ने मोटरबाटो

ऐ) खर्से रुन्टी मोटरबाटो स्तरोन्नती

ओ) भोर्ना लखना मोटरबाटो निर्माण योजना

औ) सुर्पाल गोरिनेटा हुदै घोडागाउँ जोड्ने मोटरबाटो स्तरोन्नती

अं) होलेरी डुब्रिङ कुर्जा मोटरबाटो स्तरोन्नती

अः) होलेरी बजार देखि गढीलेख जाने मोटरबाटो स्तरोन्नती

**ख) भवन, संचार तथा विद्युत तर्फ**

अ) बहुउद्देश्यीय सभाहल रुन्टिगढी गाउँपालिका

आ) मोबाइल टावर निर्माण आयोजना

इ) विद्युत विस्तार आयोजना

**ग) खानेपानी तथा सिंचाईतर्फ**

अ) घोर्ले मुहान खानेपानी योजना वडा नं ८

आ) छरछरे अपुते लिफ्ट खानेपानी योजना वडा नं ८

इ) होलेरी बजार खानेपानी व्यवस्थापन वडा नं ६

ई) फानिखोला लिफ्ट खानेपानी योजना वडा नं ५

उ) गासिम खानेपानी योजना वडा नं ७

ऊ)अरङखोला माउखोला सिँचाई योजना वडा नं ५

ए) पातलखोला पलासेडाँडा सिचाइ योजना वडा नं ७

**घ) पर्यटन पुर्वाधारतर्फ**

अ) प्रभुमहाराजको जन्मस्थल रुन्टीको पर्यटकीय विकास योजना वडा नं ९

आ) ऐतिहासिक धार्मिक गढीलेख पर्यटकीय विकास योजना वडा नं ९

इ) शिबपार्वती गुफा पर्यटकीय विकास योजना वडा नं ७

ई) मुरुल्ले पर्यटकीय विकास योजना वडा नं ६

उ) उमागढी पर्यटकीय विकास योजना वडा नं २

ऊ) मच्छिन्द्रनाथ गुफा पर्यटकीय विकास योजना वडा नं ३

ए) रुन्टीगढी गाउँपालिकामा रहेका दहवन, खर्से र उँघा क्याम्पको संरक्षण तथा ती स्थान लगायत होलेरीको पुरानो प्रहरी चौकी रहेको स्थानमा युद्ध पर्यटन सम्बन्धी संरचनाहरु निर्माण योजना

<u>निर्णय नं १३.</u>

रोल्पा जिल्ला भरीका न्यायीक समितिको बैठकबाट जाजरकोटका भुकम्प पिडितहरुलाई प्रति गाउँपालिकाको न्यायीक समितिको तर्फबाट रु२०.०००/- राहत रकम उपलब्ध गराउने भन्ने निर्णय भए अनुसार सो राहत रकम उपलब्ध गराउने।

<u>निर्णय नं १४</u>

यस रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन तथा अन्य आर्थिक सहयोगका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता, कमजोर आर्थिक अबस्था र घरको आयस्रोतलाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका तपसिलका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७९ बमोजिम दोहोरो सुविधा प्राप्त नहुने गरी आर्थिक सहयोग दिने।

तपसिलः

| क्र सं | नामथर | ठेगाना | समस्या तथा सहयोग मागको कारण | रकम |
|---|---|---|---|---|
| १ | अनिता दमाइ | रुन्टीगढी २ रोल्पा | खुट्टामा भाचिई उपचाररत रहेको | रु.६,०००/- |
| २ | मोतिलाल कामी | रुन्टीगढी ६ रोल्पा | प्रेसरको कारण अपाङ्ग | रु.२५,०००/- |
| ३ | अनिता वि.क. | रुन्टीगढी ६ रोल्पा | बुवाको प्रेसर भइ उपचाररत रहेको | रु.८,०००/ |
| ४ | प्रेम बुढा | रुन्टीगढी ८ रोल्पा | छोरा विद्युत दुर्घटनाबाट घाइते भएको | रु.२५,०००/- |

निर्णय नं ४

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको  च.नं. ३१, मिति २०८०।०९।०५ को प्रतिबद्धता पत्र पेश गर्ने सम्बन्धमा विषयको पत्रानुसार यस गाउँपालिका, नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि,२०८० बमोजिम यस आ.ब. ०८०/०८१ मा कार्यक्रममा सहभागी हुन इच्छुक भएको र सो कार्यक्रममा सहभागी हुन कार्यविधिको प्रावधान बमोजिम गाउँपालिकाले व्यहोर्ने लागत साझेदारीको १५ प्रतिशतले हुन आउने रकम समपुरक कोषबाट खर्च गर्ने तथा सो को लागि प्रक्रिया अगाडि बढाउने।

निर्णय नं ५

रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता र कमजोर आर्थिक अबस्थालाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका तपसिलका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७९ बमोजिम र सामान्य विरामिहरुलाई अध्यक्षज्यूको तोकादेश अनुसारको आर्थिक सहयोग दिने।

तपसिलः

| क सं | नामथर | ठेगाना | समस्या | रकम |
|---|---|---|---|---|
| १ | ओवि कुमारी भण्डारी | रुन्टीगढी १ राम्ली | बच्चाको नाभिमा जन्मेदेखि नै संक्रमण भै रगत बगिरहेको | रु.५,०००/- |
| २ | दिल बहादुर कामी | रुन्टीगढी ४ मसिना | हर्नियाको अप्रेसन गर्नु पर्ने | रु.८,०००/- |

निर्णय नं ६

यस कार्यालयमा आर्थिक सहायता माग भइ आएका तपसिल बमोजिमका निवेदनहरु माथि छलफल गर्दा देहाय अनुसार हुने गरी भुक्तानी दिने।

| क सं | नामथर | आर्थिक सहयोगको मागको प्रकृति | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | इ प्र का होलेरी | गाडि मर्मत | रु९०,००५/- | मर्मत सम्भार कोषबाट भुक्तानी हुने गरी |
| २ | ने क पा | आर्थिक सहयोग | रु१५,०००/- | विविध शिर्षक कोषबाट भुक्तानी हुने गरी |

आ ब ०८०।०८१ मा रुन्टीगढी गाउँपालिकामा रहेको संचित कोषको रकम बाडफाँड सम्बन्धमा तपसिल बमोजिम गर्ने।

तपसिलः

| क्र स | योजनाको नाम | ठेगाना | विनियोजित रकम |
|---|---|---|---|
| ३ | महिला प्रहरीको आवास भवन निर्माण | इ प्र का होलेरी | रु ५,००,०००/- |
| ४ | क्रिष्चियन समुदायलाई सामाग्री खरिद | | रु ४,००,०००/- |